# फाल्गुनन्द गाउँकार्यपालिका बैठक

आ.व. २०७९/८० को बैठक संख्याः १०
मिति २०८०/०१/१२ गते

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री बृज हाङ आङदेम्बेज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपशिलः

अध्यक्ष श्री बृज हाङ आङदेम्बे

उपाध्यक्ष श्री ठाकुर सिं नेम्बाङ

वडा अध्यक्ष श्री होम प्रसाद आङ्देम्बे

वडा अध्यक्ष श्री सन्तोष कुमार नेम्बाङ

वडा अध्यक्ष श्री सुखवीर नेम्बाङ

वडा अध्यक्ष श्री दल बहादुर नेम्बाङ

वडा अध्यक्ष श्री नारायण प्रसाद आङ्देम्बे

वडा अध्यक्ष श्री देउ कुमार आङदेम्बे

का.वा. वडा अध्यक्ष श्री ~~बिष्णु कुमार~~ धिरेन्द्र चेम्जोङ

सदस्य श्री विमला लिम्बू

सदस्य श्री आइतमायाँ लिम्बू

सदस्य श्री कमला पराजुली दुलाल

सदस्य श्री हर्कमायाँ नेपाली

सदस्य श्री टंक परियार

सदस्य श्री जसिमायाँ कमिनी

सदस्य-सचिव श्री निर्मल तुम्रोक

जसी

| | |
|---|---|
| प्रस्ताव नं. १. | अघिल्लो कार्यपालिकाका बैठकको समिक्षा सम्बन्धमा । |
| निर्णय नं. १. | कार्यपालिकाको मिति २०७९/१२/१२ गतेको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन गर्न बाकी निर्णयहरुलाई तदारुकताका साथ कार्यान्वयन गर्न सबै पक्ष लाग्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| प्रस्ताव नं. २. | पञ्जीकरण शाखा र सुचना प्रविधि अधिकृतको आगामी आ.व. को ६ महिनाको तलव भत्ताको सम्बन्धमा । |
| निर्णय नं. २. | गाउँपालिकाको पञ्जिकरण शाखामा कार्यरत कर्मचारीहरुको आगामी आ.व. २०८०/८१ को ६ महिना बराबरको तलब भत्ता गाउँपालिकाको तर्फबाट व्यहोर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| प्रस्ताव नं. ३. | गाउँपालिकाको विपद् व्यवस्थापन समितिको पुर्णता दिने सम्बन्धमा । |
| निर्णय नं. ३. | गाउँपालिकाको विपद् व्यवस्थापन समितिलाई तपशिल बमोजिम पुर्णता दिने निर्णय गरियो ।<br>तपशिल:<br>१. श्री बृज हाङ आङदेम्बे — संयोजक<br>२. श्री ठाकुर सिं नेम्बाङ — सदस्य<br>३. श्री निर्मल तुम्रोक — सदस्य<br>४. विषयगत समितिका संयोजकहरु — सदस्य<br>५. प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय — सदस्य<br>६. श्री बाबुराम राई, सामाजिक विकास शाखा — सदस्य<br>७. श्री अंकित कुमार निधि, पुर्वाधार विकास शाखा — सदस्य<br>८. श्रीराम नारायण माझी, फाक्तेप प्रहरी चौकी प्रमुख — सदस्य<br>९. श्री............................ दलका प्रमुख — सदस्य<br>१०.श्री रघुनाथ घिमिरे रेडक्रस सोसाइटि — सदस्य<br>११.श्री तेजु चेम्जोङ, उद्योग वाणिज्य संघ — सदस्य<br>१२.श्री ........................गैसस महासंघ — सदस्य<br>१३.श्री युद्ध बोहोरा, नेपाल पत्रकार महासंघ — सदस्य<br>१४.श्री निर्मल अधिकारी, योजना शाखा — सदस्य सचिव |
| प्रस्ताव नं. ४. | स्वास्थ्य विमा कार्यक्रम सम्बन्धमा । |
| निर्णय नं. ४. | गाउँपालिकाले चालु आ..व. २०७९/८० मा गाउँपालिकाका विपन्न नागरिकहरुको निशुल्क स्वास्थ्य विमा गर्न विनियोजन गरेको निशुल्क स्वास्थ्य विमा कार्यक्रम सम्बन्धित वडामा गएर कार्यक्रम सञ्चालन गर्ने र वडामा कार्यक्रम मिति व्यवस्थापन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| प्रस्ताव नं. ५. | सार्वजानिक सुनुवाई कार्यक्रम सम्बन्धमा । |
| निर्णय नं. ५. | गाउँपालिकाको गत आ.व. को प्रगति समिक्षा सहित चालु आ.व. को चौथो त्रैमासिक सम्मको प्रगति समिक्षा सहित गाउँपालिका स्तरीय सार्वजानिक सुनुवाई मिति २०८०/०१/१५ गते गाउँपालिकामा सम्पन्न गर्ने सर्वसहमत रुपमा निर्णय पारित गरियो । |
| प्रस्ताव नं. ६. | खेलकुद सहायता सम्बन्धमा । |

| | |
|---|---|
| | तपशिल:<br>१. तिजोक युवा क्लव रु १ लाख<br>२. कुम्मायक स्पोर्टिङ क्लव रु ५० हजार<br>३. तुम्याङ क्लब रु २५ हजार<br>४. विभिन्न गाउँपालिकामा सहभागि गाउँपालिका ट्मलाई एकमुष्ठ रु १ लाख |
| प्रस्ताव नं. ७. | सामाजिक सुरक्षा भत्तालाई EFT मार्फत वितरण गर्ने सम्बन्धमा । |
| निर्णय नं. ७. | गाउँपालिकाबाट वितरण भैरहेको सामाजिक सुरक्षा भत्ता आगामी आ.व. २०८०/८१ को पहिलो चौमासिकबाट नै EFT मार्फत वितरण गर्ने निर्णय सर्वसहमत रुपमा पारित गरियो । |
| प्रस्ताव नं. ८. | मध्यकालिन खर्च संरचाना बनाउने सम्बन्धमा । |
| निर्णय नं. ८. | गाउँपालिकाको बजेट तर्जुमा भन्दा अगाडी प्रत्येक वर्ष मध्यकालिन खर्च संरचना निर्माण गर्नु पर्ने कानूनी व्यवस्था भएकोले आगामी बैशाख मसान्त भित्र वडास्तरीय र गाउँपालिका स्तरीय मध्यकालिन खर्च संरचना निर्माण गर्न गोष्ठि आयोजना गर्ने सर्वसहमत रुपमा निर्णय पारित गरियो । |
| प्रस्ताव नं. ९. | प्रदेश समपुरक अनुदानबाट संचालन गरिने आयोजना प्रस्ताव सम्बन्धमा । |
| निर्णय नं. ९. | यस गाउँपालिकामा आगामी आ.व. २०८०/८१ को लागि प्रदेश समपुरक अनुदानबाट संचालन गरिने आयोजनाको लागि तपशिल बमोजिमका योजनाहरुको प्रस्ताव पेश गरी पठाउने सर्वसहमत निर्णय गरियो ।<br><br>तपशिल:<br>१. गेलिभन्ज्याङ चिलिङदिन फाक्तेप आङसराङ मेहेलबोटे सडक स्तरोन्नति (निरन्तरता)<br>२. गाउँपालिकाको प्रमुख प्रशासनिक भवन निर्माण |
| प्रस्ताव नं.१० | फाल्गुनन्द गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०८० स्वीकृत गर्ने सम्बन्धमा । |
| निर्णय नं.१० | फाल्गुनन्द गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |
| प्रस्ताव नं.११ | आगोलागी पिडितलाई राहत उपलब्ध गराउने सम्बन्धमा । |
| निर्णय नं. ११ | फाल्गुनन्द गाउँपालिका वडा नं. ४ निवासी हर्क बहादुर चेम्जोङको घरमा मिति २०७९/१२/२४ का दिन आगोलागी भइ घर पुर्ण रुपमा क्षति भएकोले गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष कार्यविधि अनुसार रु ३० हजार नगर राहत वितरण गर्ने निर्णय पारित गरियो । |
| प्रस्ताव नं.१२ | राँके प्रहरी चौकीलाई ख श्रेणिमा स्तरोन्नतीको लागि सिफारिस गर्ने सम्बन्धमा । |
| निर्णय नं. १२ | फाल्गुनन्द गाउँपालिकाको राँकेमा अवस्थित प्रहरी चौकीलाई ख श्रैणीको प्रहरी चौकीमा स्तरोन्नती |

| | |
|---|---|
| प्रस्ताव नं.१३ | फाल्गुनन्द गाउँपालिका वडा नं. ४ लाई चिया पकेट क्षेत्रको रुपमा विकास गर्ने सम्बन्धमा । |
| निर्णय नं.१३ | फाल्गुनन्द गाउँपालिका वडा नं ४ चिलिङदिन चिया उत्पादनको हिसावले निकै उर्वर भुमि रहेको तथा चिया उत्पादन सहकारी समुह तथा कृषकहरु समेत सक्रिय रुपमा चिया उत्पादनमा आवद्ध भएको साथै करिब ४०० रोपनीमा चिया खेति गर्दै आइरहेकोले उक्त वडालाई चिया पकेट क्षेत्रका रुपमा विकास गरेर जाने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । |